आज मिति २०८२/१०/२७ गते मंगलवारका दिन विहान ८:०० वजे चक्रघट्टा गाउँपालिकाको सभाहलमा गाउँपालिका अध्यक्ष श्री कृष्ण कुमार यादव ज्यूको अध्यक्षतामा बैठक बसी तपसिल अनुसारको पदाधिकारीहरुको उपस्थितिमा बुँदागत छलफल गरी निम्नानुसार निर्णय गरियो।

**तपसिल :**

| | |
|---|---|
| श्री कृष्ण कुमार यादव | अध्यक्ष |
| श्री मिना देवी राय | उपाध्यक्ष |
| श्री राम सुरेश राय (वडाध्यक्ष वडा नं. १) | सदस्य |
| श्री विनोद कुमार राय (वडाध्यक्ष वडा नं. २) | सदस्य |
| श्री दिनेश कुमार साह (वडाध्यक्ष वडा नं. ३) | सदस्य |
| श्री फैयाज अहमद (वडाध्यक्ष वडा नं. ४) | सदस्य |
| श्री नागेन्द्र प्रसाद साह (वडाध्यक्ष वडा नं. ५) | सदस्य |
| श्री राजेश कुमार यादव (वडाध्यक्ष वडा नं. ६) | सदस्य |
| श्री नविन कुमार राय (वडाध्यक्ष वडा नं. ७) | सदस्य |
| श्री रामकैलाश राउत (वडाध्यक्ष वडा नं. ८) | सदस्य |
| श्री विजय कुमार यादव (वडाध्यक्ष वडा नं. ९) | सदस्य |
| श्री ईन्द्रकला देवी | सदस्य |
| श्री रिता कुमारी | सदस्य |
| श्री शोसिला कुमारी यादव | सदस्य |
| श्री श्याम कुमारी राम | सदस्य |
| श्री फेकु साह कानु | सदस्य |
| श्री राकेश ठाकुर (लोहार) | सदस्य |
| श्री रामबाबु प्रसाद कुशवाहा (प्रमुख प्रशासकीय अधिकृत) | सदस्य सचिव |

**आमन्त्रित :**

श्री दुर्गानन्द कुमार यादव (योजना शाखा)

श्री राजिव महतो (लेखा शाखा)

प्रस्तावहरु :

१. कार्यपालिकाको निर्णयको समिक्षा सम्बन्धमा ।

२. आ.व. २०८२।०८३ को सङ्घीय सम्पूरक अनुदान सम्बन्धमा ।

३. सङ्घीय समपूरक अनुदान र विशेष अनुदान मांग गर्ने सम्बन्धमा ।

४. सडक बोर्डको बार्षिक कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

५. पोखरी/बजार/सटर ठेक्का सम्बन्धमा ।

निर्णयहरु :

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२/०८३ मा यस अधि भएको कार्यपालिकाको पूर्व निर्णयहरुलाई समिक्षा गर्दा कार्यपालिकाको निर्णय कार्यपालिकाको कार्यालयबाट सबै सरोकारवालाहरुको संलग्नतामा कार्यान्वियन भई रहेकोले निर्णय कार्यान्वियन संतोषजनक रहेको निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०८२।०८३ को लागि सङ्घीय सम्पूरक अनुदानबाट ब्रहमदेव रायको घरदेखि गोईयाही जाने सडक कालोपत्रे कार्यको लागि स्वीकृत रकम रु. ७२ लाख र स्थानीय तहबाट रु.८० लाख गरी जम्मा रु.१ करोड ५२ लाखको टेण्डर आ.व. २०८२।०८३ मा सम्पन्न हुने गरी ई-बिडिङ्ग प्रक्रियाबाट अगाडी बढी सकेकोले बाँकी रहन गएको रकमलाई आ.व. २०८३।०८४ को लागि मांग हुने सम्पूरक योजनामा समावेश हुने गरी मांग गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को लागि सङ्घीय समपूरक अनुदान र विशेष अनुदानबाट तपसिल अनुसारको योजना मांग गर्ने निर्णय गरियो ।

तपसिल :

सम्पूरक अनुदान :

१. चक्रघट्टा गाउँपालिकाको सबै वडा कार्यालयहरुको भवन निर्माण कार्य रु. ७ करोड ।

विशेष अनुदान :

२. डिप ट्यूववेल जडान कार्य रु. ३ करोड ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८२/०८३ को लागि सडक बोर्ड नेपालबाट विनियोजित रकम रु. ५ लाखबाट तपसिल अनुसारको कार्य गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | योजनाको नाम | रकमको श्रोत | | |
|---|---|---|---|---|
| | | सडक बोर्ड | स्थानीय तह | जम्मा |
| १. | ढंगरा खोलाको पुलको दक्षिण (चक्रघट्टा बजार) देखि खोरिया जाने कालोपत्रे सडक मर्मत सम्भार | ५००००० | १२५००० | ६२५००० |

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा राजश्व परामर्श समितिको मिति २०८२।१०।१२ गतेको निर्णयानुसार गाउँ कार्यपालिकामा पेश भएको निर्णय बमोजिम पोखरी/बजार/सटर ठेक्का बन्दोबस्त गर्ने निर्णय गरियो ।

CamScanner